नेपाल सरकार
उद्योग मन्त्रालय
घरेलु तथा साना उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
प्रशासन शाखा

फोन नं. ४२५१८४६, ४२५१८५५, ४२५१८७५
फ्याक्स नं.-४२५१७४७
पो.ब.नं.१०७०१

प.सं.-२०७४/७५
च.नं.- 832

मिति :- २०७४/०८/०३

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री उद्योग विकास शाखा,
नगर कार्यपालीकाको कार्यालय:- काठमाडौं / भरतपुर, चितवन/पोखरा लेखनाथ, कास्की / विराटनगर, मोरङ / वीरगञ्ज, पर्सा / ललितपुर / नेपालगञ्ज, बाँके / इटहरी, सुनसरी / जनकपुर, धनुषा / हेटौडा, मकवानपुर / घोराहि, दाङ / धनगढी, कैलाली / भद्रपुर, झापा / राजविराज सलरी / सिदार्थ नगर रुपन्देही/ लाहान, सिराहा / जलेश्वर, महोत्तरी / धुलिखेल काभ्रेपलाञ्चोक / भक्तपुर / रामग्राम, नवलपरासी / तानसेन, पाल्पा / गुलरिया, बर्दिया / भिमदत्त, कञ्चनपुर / गौर, रौतहट / कलैया, बारा / मलंगवा सर्लाही / कपिलस्तु ।

प्रस्तुत विषयमा उद्योग मन्त्रालय, योजना अनुगमन तथा नीति विश्लेषण महाशाखाको प.सं. ०७४/७५ च.नं. १८ मिति २०७४/०७/३० को पत्रसाथ प्राप्त नेपाल सरकार मा. मन्त्रीस्तरबाट मिति २०७४/०७/२९ मा भएको निर्णय कार्यान्वयनका लागि लेखी आएकोले सोही अनुसार कार्यान्वयन गराउनुहुन उक्त निर्णयको प्रतिलिपि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ ।

बोधार्थ
श्री उद्योग मन्त्रालय,
योजना अनुगमन तथा नीति विश्लेषण महाशाखा,
सिंहदरबार, काठमाडौं ।

नेपाल सरकार

# उद्योग मन्त्रालय

( योजना, अनुगमन तथा नीति विश्लेषण महाशाखा)

सिंहदरबार, काठमाण्डौ

प.सं. : योजना ०७४/०७५

च.नं. ९८

मितिः २०७४/०७/३०

बिषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री घरेलु तथा साना उद्योग विभाग, त्रिपुरेश्वर ।

श्री घरेलु तथा साना उद्योग विकास समिति प्रधान कार्यालय, त्रिपुरेश्वर ।

प्रस्तुत विषयमा नेपाल सरकार माननीय मन्त्रिस्तरबाट मिति २०७४/०७/२९ मा देहायबमोजिम निर्णय भएकाले सोहि बमोजिम कार्यान्वयन गर्नु गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

१) साविकका जिल्ला घरेलु तथा साना उद्योग कार्यालय/समिति लाई एकमात्र स्थानीय तह मातहत राख्दा सम्पूर्ण जिल्लामा कार्यक्रम संचालन गर्न, उद्योग दर्ता गर्न र बजेट निकासामा समेत प्राविधिक कठिनाई परेको, हाल LMBIS मा समेत साविक बमोजिम नै नाम कायम भएको र यसको बजेट तथा कार्यक्रम बित्तीय समानीकरण अनुदानमा नपरी संघीय बजेटमा नै समावेश भएकाले गत आर्थिक वर्षमा झैं जिल्ला घरेलु तथा साना उद्योग कार्यालय/समतिकै नामबाट साविक बमोजिम नै हुने गरी राजश्व संकलन, राजश्व दाखिला, खर्च व्यवस्थापन तथा बजेट कार्यक्रम संचालन गर्ने ।

२) हाल उद्योग विकास शाखा स्थापना भईसकेका स्थानीय तहमा उक्त स्थानीय तहका क्षेत्रभित्र प्रचलित कानून अनुसार स्थानीय तहबाट गर्ने सकिने उद्योग प्रशासन तथा प्रवर्द्धन सम्बन्धी कार्यहरु गर्न सम्बन्धित स्थानीय तह मातहत रहने गरी हाल खुली सकेका उद्योग विकास शाखाहरुलाई निरन्तरता दिने । यी उद्योग विकास शाखाहरुलाई सम्बन्धित स्थानीय तहसँग सहकार्य गरी सम्बन्धित स्थानीय तहको भवनमा संचालन गर्ने । तर स्थानीय तहले स्थान उपलब्ध गराउन नसके सम्म हालको कार्यालय भवनबाट उक्त शाखाका कार्यहरु आवश्यक जनशक्ति सहित संचालन गर्ने ।

प.सं. : योजना ०७४/०७५
च.नं.

३) स्थानीय तह मातहत रहने उद्योग विकास शाखाबाट गर्न सकिने कार्यहरुको लागि नमुना कार्य विवरण घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिले संयुक्त रूपमा तयार गरी सम्बन्धित स्थानीय निकायलाई उपलब्ध गराउने ।

४) स्थानीय तहको माग, आवश्यकता र उपलब्ध जनशक्तिलाई समेत मध्यनजर गरी प्रचलित कानून बमोजिम स्थानीय तहबाट हुनसक्ने उद्योग प्रशासन तथा प्रवर्द्धन सम्बन्धी कार्यहरु गर्न अन्य स्थानीय तहमा समेत क्रमशः उद्योग विकास शाखाहरु विस्तार गर्न उद्योग मन्त्रालयले आवश्यक पहल गर्ने ।

५) कुनै गाउँपालिका तथा नगरपालिकाले आफ्नै जनशक्ति परिचालन गरि उद्योग विकास शाखा खोल्न चाहेमा आवश्यक सहजीकरण गर्ने ।

६) नयाँ स्थापना हुने उद्योग विकास शाखाको नमुना कर्यविबरण तयार पारि सम्बन्धित स्थानीय तहलाई उपलब्ध गराउने ।

७) काठमाडौं उपत्यकाका सवै नगरपालिकाहरुमा उद्योग विकास शाखा विस्तारका लागि सम्बन्धित नगरपालिका संग समन्वय गरी विभाग र समितिले संयुक्त रुपमा आवश्यक सहजीकरण गर्ने । यस प्रयोजनको लागि विभाग र समितिले स्थानीय तहको माग अनुसार हाल केन्द्रमा रहेको दरबन्दी र जनशक्तिबाट आवश्यक जनशक्ति उपलब्ध गराउने ।

८) हाल जिल्लामा उद्योग मन्त्रालय मातहतका जिल्ला स्थित निकायहरुको अचल सम्पत्तीहरुको लगत कायम गरी संरक्षण गर्ने व्यवस्था मिलाउने ।

९) हाल उद्योग विकास शाखाको नाममा घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समितिबाट अख्तियारी प्रदान गरिएकोमा मन्त्रालय स्तरीय बजेट सूचना प्रणाली (LMBIS) मा भएको व्यवस्था अनुसार नै बजेट तथा कार्यक्रम संचालन गर्ने गरी अख्तियारीको व्यवस्थापन गर्ने ।

नेपाल सरकार

# उद्योग मन्त्रालय

( योजना, अनुगमन तथा नीति विश्लेषण महाशाखा)

सिंहदरवार, काठमाण्डौ

प.सं. : योजना ०७४/०७५
च.नं.

१०) हाल रुकुम र नवलपरासीमा जिल्ला थप भएकोले नयाँ जिल्लाहरुमा उद्योग विकास कार्यालय खोल्न आवश्यक जनशक्ति र बजेटको प्रस्ताव तयार पार्न घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग समितिलाई लेखि पठाउने र सो प्रस्ताव प्राप्त भएपछि अर्थ मन्त्रालय र सामन्य प्रशासन मन्त्रालयसंग समन्वय गरी नयाँ कार्यालय खोल्ने । यसरी नयाँ उद्योग विकास कार्यालय नखुलेसम्म साविककै कार्यालयबाट कार्य सम्पादन गर्दै जाने ।

११) उपरोक्त निर्णयहरु कार्यान्वयनमा कुनै बाधा अड्चन आएमा मन्त्रालय संग समेत समन्वय गरी विभाग र समितिले आबश्यक सहजीकरण गर्ने ।

बोधार्थ: श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार ।
श्री अर्थ मन्त्रालय, सिहदरबार ।
श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार ।
श्री सामान्य प्रसाशन मन्त्रालय, सिंहदरबार ।
श्री सवै महाशाखाहरु, उद्योग मन्त्रालय ।

सुरेश सुबेदी
शाखा अधिकृत

आज मिति २०७४/७/२४ गते अर्थमन्त्रालयका सचिव श्री शंकर प्रसाद अधिकारीज्यूको संयोजकत्वमा अर्थमन्त्रालयमा जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालयका राजश्व तथा बजेट कार्यक्रम संचालनको व्यवस्थापन सम्बन्धमा भएको छलफलमा देहाय बमोजिमका पदाधिकारीको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थितिः**

१) श्री शंकर प्रसाद अधिकारी - सचिव, अर्थ मन्त्रालय
२) श्री यामकुमारी खतिवडा - सचिव, उद्योग मन्त्रालय
३) श्री केवल प्रसाद भण्डारी - सह-सचिव, अर्थ मन्त्रालय
४) श्री जगन्नाथ देवकोटा - सह-महालेखा नियन्त्रक, महलेखा नियन्त्रकको कार्यालय
५) श्री मधुसुदन बुर्लाकोटी - सह-सचिव, उद्योग मन्त्रालय
६) डा. गोपी कृष्ण खनाल - सह-सचिव, उद्योग मन्त्रालय
७) श्री सनत कुमार दवाडी - उप-महालेखा नियन्त्रक, महलेखा नियन्त्रकको कार्यालय

**निर्णयहरुः**

१) साविकका जिल्ला घरेलु तथा साना उद्योग कार्यालयलाई एकमात्र स्थानीय तह मातहत राख्दा सम्पूर्ण जिल्लामा कार्यक्रम संचालन गर्न, उद्योग दर्ता गर्न र बजेट निकासामा समेत प्राविधिक कठिनाई परेको, हाल LMBIS मा समेत साविक बमोजिम नै नाम कायम भएको र यसको बजेट तथा कार्यक्रम बित्तीय समानीकरण अनुदानमा नपरी संघीय बजेटमा नै समावेस भएकाले गत आर्थिक वर्षमा जस्तै गरी जिल्ला घरेलु तथा साना उद्योग कार्यालयकै नामबाट साविक बमोजिम नै हुने गरी राजश्व संकलन, खर्च व्यवस्थापन तथा बजेट कार्यक्रम संचालन गर्ने र सो अनुसार बजेट निकासा गर्न महालेखा नियन्त्रकको कार्यालयले मातहतका कोष तथा लेखा नियन्त्रक कार्यालयलाई निर्देशन दिने ।

२) हाल उद्योग विकास शाखा स्थापना भईसकेका स्थानीय तहमा उक्त स्थानीय तहका क्षेत्रभित्र उद्योग प्रशासन सम्बन्धी कार्यहरु गर्न सम्बन्धित स्थानीय तह मातहत रहने गरी हाल खुली सकेका उद्योग विकास शाखाहरुलाई निरन्तरता दिने र उक्त शाखाले गर्ने कार्य विवरण उद्योग मन्त्रालयबाट तयार गरी उपलब्ध गराउने ।

३) स्थानीय तहको माग, आवश्यकता र उपलब्ध जनशक्तिलाई समेत मध्यनजर गरी प्रचलित कानून बमोजिम स्थानीय तहबाट हुनसक्ने उद्योग प्रशासन सम्बन्धी कार्यहरु गर्न अन्य स्थानीय तहमा समेत क्रमशः उद्योग विकास शाखाहरु विस्तार गर्न उद्योग मन्त्रालयले आवश्यक पहल गर्ने ।